जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०३२ | २०८२ साल भदौ २९ गते आईतवार | Sunday-14-September-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## सेवा प्रवाह स्थगन गरेको स्थानीय तहले आजबाट सेवा प्रवाह सँचालन

***शु.आ. सम्वाददाता***
***कलैया, २८ भाद्र***

देशमा उत्पन्न विषम परिस्थितिका कारण केही दिनदेखि अवरुद्ध रहेको स्थानिय तहहरुले आजबाट सेवा प्रवाह सँचालन गर्ने भएका छन्। साथै सहज परिस्थिति भएकोले शैक्षिक संस्थाहरूको पठनपाठन पनि सुचारु गरीएको छ।




बाराको कलैया उपमहानगरपालिका, जितपुर सिमरा उपमहानगरपालिका , सिम्रौनगढ नगरपालिका लगायत स्थानीय तहले शनिबार सुचना जारी गर्दै आजबाट अर्थात् भदौ २९ गतेदेखि सबै सेवाहरू सामान्य अवस्थामा फर्किने जनाएको छ। बाराको स्थानीय तहको कार्यपालिका कार्यालय र मातहतका अन्य कार्यालयहरूबाट दिइने सबै सेवाहरू आजबाट नियमित हुने जानकारी दिएको छ। साथै बाराको स्थानीय तह भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरू पनि आजदेखि सञ्चालनमा आउनेछन् ।

## जेन-जी आन्दोलनमा सहादत प्राप्त गरेका असहाबको जनाजामा हजारौको उपस्थिति

***बीरगंज, २८ भाद्र***

जेन-जी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका वीरगञ्ज महानगरपालिका-१२ मुर्ली निवासी २२ वर्षीय असहाब आलम ठकुराईलाईको अन्तेस्टीमा हजारौ नेपाली सहभागी भएका छन ।



शनिबार वीरगंजमा भव्य श्रद्धाञ्जलीसहित उनको अन्तिम संस्कार गरिएको छ। आलमको पार्थिव शरीर सहित निकालिएको श्रद्धाञ्जली यात्रामा हजारौँको सहभागिता रह्यो। मुस्लिम परम्पराअनुसार उनको अन्तिम संस्कार गरियो ।

श्रद्धाञ्जली कार्यक्रममा सहभागी स्थानीयवासीदेखि विभिन्न राजनीतिक,सामाजिक र नागरिक समाजका व्यक्तिहरूले आलमप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए।दुई महिनाअघि मात्र वैवाहिक जीवनमा बाँधिएका आलमको काठमाडौँमा भएको जेन-जी आन्दोलनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भएको परिवारजनले जनाएका छन् । उनी छाती र पेटमा दुई गोली लागेर गम्भीर घाइते भएका थिए । शिक्षण अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको थियो।अचानक भएको निधनले परिवार, आफन्त र सम्पूर्ण मुर्ली बस्ती शोकमग्न बनेको छ । यता स्थानिय बिरगंज बासिले उनलाई सहिद घोषणा गरि परिवारलाई व्यवस्थापन गर्नुपर्ने माग गरेका छन।

## जि.प्रशा.का. बाराबाट नियमित सेवा प्रवाह हुने र जिल्लामा निषेधाज्ञा र कर्फ्यु पुर्ण रूपले हट्यो

***शु.आ. सम्बाददाता***
***कलैया, २८ भाद्र***

जेनजी पुस्ताको आन्दोलनले गर्दा विषम परिस्थितिकोले गर्दा बारा सहित देशभर निषेधाज्ञा र कर्फ्यु जारी भएको थियो । तर शुक्रबार राति जेनजी पुस्ताको सिफारिसमा पुर्ब प्रधानन्यायाधीश सुशिला कार्कीले प्रधानमन्त्रीको सपथ ग्रहण सँगै सँसद बिघटन गरेकी छिन् ।




प्रधानमन्त्रीको रुपमा कार्किको सपथ ग्रहण सँगै सँसद बिघटनले देशको परिस्थिति सामान्य हुदै गएको छ । जसको कारणले समान्य प्रशासन मन्त्रालय र गृहमन्त्रालयले शुक्रबार एक एक सुचना जारी गर्दै सम्पुर्ण सेवा प्रवाह सुचारु गर्न अनुरोध गरेको थियो ।

परिस्थिति सामान्य र मन्त्रालयको परिपत्रले जिल्ला प्रशासन कार्यालय बाराले पनि आफ्नो सेवा नियमित गरेको छ। भने शनिबार बेलुका देखि नै जिल्लामा जारी निषेधाज्ञा र कर्फ्यु पुर्ण रुपमा हटाएको छ।

## बिश्रामपुर गाउँपालिकामा तोडफोडपछि लुटिएका सामान फिर्ता गर्न सर्वसाधारणलाई अनुरोध

शु.आ. सम्बाददाता
कलैया, २८ भाद्र

बाराको बिश्रामपुर गाउँपालिकाले तोडफोडपछि लुटिएका सामान फिर्ता गर्न आग्रह गरेको छ ।




गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सुनिल प्रसाद केशरीले शनिबार एक विज्ञप्ति जारी गर्दै यस्तो अनुरोध गरेका छन् ।

भदौ २४ गते जेनजीको आन्दोलनको नाममा दुरुपयोग गर्दै कार्यालयमा तोडफोड गरी कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर लगायतका आवश्यक सामानहरू लुटपाट गरीएको थियो । उक्त समानहरु लुटिएकोले गाउँपालिकाको कार्यालय सँचालन गर्न कठिनाइ हुने भन्दै लुटिएका सामानहरू तत्काल फिर्ता गर्न आग्रह गर्दै नजिकको वडा कार्यालय वा प्रहरी चौकीमा बुझाई सेवा प्रवाह सुचारु गर्नका लागि सहयोग गरिदिन विज्ञप्ति मार्फत अनुरोध गरीएको छ।

साथै उक्त समान फिर्ता नगरेमा उजुरीको आधारमा छानबिन गरी प्रहरी मार्फत बरामद भएमा कानूनी कारबाही अघि बढाइने गाउँपालिकाले जानकारी दिएको छ।

त्यस्तै रौतहटको कटहरीया नगरपालिकाले पनि शुक्रबार एक विज्ञप्ति जारी गर्दै नगरपालिकाको कार्यालयबाट लुटिएको समान फिर्ता गर्न आग्रह गरेको छ।

## नेपाल पत्रकार महासंघद्वारा प्रतिनिधि सभा विघटनको विरोध

***बारा, २८ भाद्र***

नेपाल पत्रकार महासंघ केन्द्रय समितिले शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै प्रतिनिधि सभा विघटन र नयाँ प्रधानमन्त्रीको नियुक्तिलाई अलोकतान्त्रिक र असंवैधानिक कदम भन्दै त्यसको घोर निन्दा गरेको छ। महासंघले संविधानको व्यवस्था र सर्वोच्च अदालतको स्थापित नजिरविपरीत भएको यो कदमलाई जनमतको अपमान र लोकतन्त्रका लागि अनिष्टको संकेत मानेको छ।



विज्ञप्तिमा भनिएको छ कि यस कदमले गणतन्त्र, संघीयता, समावेशिता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिकका अधिकार लगायत संविधानले सुनिश्चित गरेका उपलब्धिहरूमाथि आघात पुग्न सक्छ ।

महासंघले संविधान र यसबाट प्राप्त उपलब्धिलाई रक्षा गर्न सबै पक्षलाई दृढतापूर्वक अगाडि बढ्न पनि आह्वान गरेको छ।

महासचिव रामप्रसाद दाहालले हस्ताक्षर गरेको उक्त विज्ञप्तिमा नागरिक अगुवा संस्थाको रूपमा नेपाल पत्रकार महासंघ लोकतन्त्र, संविधानवाद, विधिको शासन र मानव अधिकारको संरक्षणका लागि सधैं वकालत गर्दै आएको कुरा पनि उल्लेख गरेको छ।

## कानूनी राज्य र संवैधानिक सर्वोच्चतामाथि प्रहार भएको ठहर गर्दै प्रमुख दलहरुद्वारा प्रतिनिधि सभा विघटनको निर्णय फिर्ता लिन जोडदार माग

***बारा, २८ भाद्र***

प्रमुख राजनीतिक दलहरूले नेपालको संविधान र प्रचलित कानुन विपरीत भन्दै हालै भएको प्रतिनिधि सभा विघटनको निर्णयमाथि गम्भीर असहमति जनाएका छन् ।

नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उक्त कदम अलोकतान्त्रिक र असंवैधानिक भएको आरोप लगाएका छन् ।

उक्त विज्ञप्तिमा २०८२ भदौ २३ र २४ गते भएको जेन जी समूहको प्रदर्शनमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । साथै, प्रदर्शनका क्रममा भएको जनधनको क्षतिको छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरिएको छ । दलहरूले जनआन्दोलनको मर्मविपरीत सडकबाट सरकार गठन र प्रतिनिधि सभा विघटन गरिएकोमा आपत्ति जनाउँदै यो कार्यले नेपाली जनताको मताधिकार र संवैधानिक सर्वोच्चतामाथि प्रहार गरेको बताएका छन्। उनीहरूले संविधानको धारा ७६ (७) र सर्वोच्च अदालतको नजिर विपरीत भएको भन्दै विघटनको निर्णय तत्काल फिर्ता लिई संसदको बैठक बोलाउन माग गरेका छन्।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# शिक्षालय खोल्ने वातावरण बनाऊ

जेनेरेसन जेड (जेनजी) ले आयोजना गरेको शान्तिपूर्ण र्यालीमा उत्रिएका विद्यार्थीमाथि दमन गरेपछि देशभर हिंसात्मक घटना भयो । मुलुकभर निषेधाज्ञा जारी भएको छ । त्यसको असर देशभरका विद्यालयदेखि विश्वविद्यालयसम्म परेका छन् । मुलुकका सबै शिक्षालय बन्द भएका छन् । पाँच दिनदेखि देशैभरका शिक्षालय बन्द भएपछि विद्यार्थीको पठनपाठन ठप्प छ । दोस्रो त्रैमासिक परीक्षा आउनै लाग्दा पठनपाठन ठप्प भएपछि विद्यालय सञ्चालक बिलखबन्धमा छन् । पठनपाठन कहिलेबाट सञ्चालन गर्ने ? भन्ने विषयमा छलफल गरिरहेका छन् तर शिक्षालय खोल्न सक्ने वातावरण छैन ।

तथ्याङ्कअनुसार विद्यालयदेखि विश्वविद्यालयसम्म देशभरमा करिब ४० हजार शिक्षालय छन् । ती शिक्षालयमा करिब ८० लाख विद्यार्थी अध्ययनरत छन् । सोमबारको शान्तिपूर्ण आन्दोलनमा सरकारले दमन गर्दा ३० जनाको मृत्यु भएको छ । तीमध्ये अधिकांश प्लस टु र क्याम्पस लेभलका विद्यार्थी छन् । आन्दोलनको क्रममा १ हजार बढी घाइते भएका छन् । जेनजी-आन्दोलन थेग्न नसकेपछि मंगलबारबाट मुलुकमा सेना परिचालन भएका छन् । शुरूका दिनमा निषेधाज्ञाको कारण देश पूरै ठप्प थियो । अब अवस्था बिस्तारै सामान्यीकरण भइरहेको छ तर अझै पठनपाठन सुचारू गराउन सक्ने अवस्था भने छैन ।

बन्दले सबैभन्दा बढी प्रभाव विद्यार्थीमा परेको छ । शिक्षा मन्त्रालय कहिलेबाट विद्यालय खोल्ने भन्ने अन्योलमा छ । उता त्रिभुवन विश्वविद्यालयले छठसम्म बिदा दिएको छ । अन्य विश्वविद्यालय पनि बिदा दिने तयारीमा छन् । राष्ट्रिय परीक्षा बोर्डले २८ गतेबाट शुरू हुने कक्षा १२ को पूरक परीक्षा स्थगित गरेको अवस्था छ । गएको सोमबार त्रिविले शुरू गरेको बीबीएसको परीक्षासमेत स्थगित गरिसकेको छ । विश्वविद्यालयमा त खासै समस्या नहोला तर विद्यालय तहको पठनपाठन ठप्प हुँदा विद्यार्थीलाई मानसिक असर पर्न सक्छ । निषेधाज्ञालाई बिस्तारै खुकुलो पारेर कम समय भए पनि विद्यालय खोल्नुपर्छ । परीक्षा सञ्चालन गर्नकै लागि भए पनि विद्यालय खोल्नु उपयुक्त हुन्छ । प्याब्सन, एन प्याब्सन, हिसान, अभिभावक महासंघलगायत संघसंस्थाले विद्यालय खुला गर्न पहल गर्नुपर्ने बताएका छन् । अधिकांस विद्यालय सञ्चालकले समेत विद्यालय खोल्ने विषयमा शिक्षा मन्त्रालयले पहल गर्नुपर्ने बताएका छन् ।

स्थानीय तहले आफ्नो क्षेत्रको अवस्था हरेर विद्यालय खुला गर्ने वातावरण बनाउनुपर्छ । यदि चाँडो खुला गरिएन भने नेपालीहरूको महान् चाड दशैंमा झन्डै १५ दिन विद्यालय बन्द हुन्छ । अधिकांश निजी विद्यालयले दशैं, तिहार र छठ पर्वसम्म लामो बिदा दिने गरेका छन् । त्यसैले पनि दशैंअगाडि तुरून्तै विद्यालय खुलाउनु जरूरी छ । जेनजी आन्दोलनकारीले शिक्षा क्षेत्रमा खासै क्षति गरेका छैनन् । एकाधबाहेक अधिकांश विद्यालयमा भौतिक सम्पत्तिका क्षति भएको छैन । यस्तो अवस्थामा सुरक्षा निकायसँग समन्वय गरी दोस्रो त्रैमासिक परीक्षा सञ्चालन गर्न र लामो बिदामा गृहकार्य दिनकै लागि पनि विद्यालय खोल्नु जरूरी छ । हुन त केही विद्यालयले आइतबारबाट विद्यालय खोलेर २ गतेबाट परीक्षा सञ्चालन गर्ने तयारी गरेका छन् । त्यसको लागि सम्बन्धित निकायले ठोस पहल गर्नु आवश्यक छ । अन्यथा लामो समयसम्म विद्यालय बन्द हुँदा सरकार र निजी क्षेत्रलाई ठूलो असर पर्नेछ ।

# सुशीलाको सत्तारोहणः इतिहासले दिएको नयाँ अवसर



*डा. अंगराज तिमिल्सिना*

सर्वप्रथम जेनजीको आन्दोलन मार्फत नेपालको पहिलो महिला प्रधानमन्त्री बनेर इतिहास रच्नुभएकोमा सुशीला कार्कीलाई बधाई तथा सुशासन सहितको नयाँ नेपाल निर्माणका लागि हार्दिक शुभ-कामना !

भनिन्छ, चिनियाँ भाषामा संकट ( क्राइसिस) भन्ने शब्द दुई वटा अक्षर (क्यारेक्टर) हरूले बनेको छ। पहिलो अक्षरले खतरा (डेन्जर) अनि दोस्रो अक्षरले चुनौती (अपर्च्युनिटी) भन्ने जनाउँछ।

वास्तवमै संकटकै बेला नेतृत्वको वास्तविक क्षमता परीक्षण हुने हो । अंग्रेजीमा एउटा भनाइ नै छ- 'निराशावादीले हावा चल्यो भने हावाका बारे गुनासो मात्रै गर्छन् भने आशावादीले हावाको गति र दिशा परिवर्तन हुने अपेक्षा गर्छन्। तर नेतृत्व क्षमता भएकाले हावाको गति र दिशाको सदुपयोग गरेर जहाजलाई नै सही बाटोमा लैजाने कोशिश गर्छन्।' प्रधानमन्त्री कार्की यस्तै परिस्थितिमा सरकाररुपी जहाज कि क्याप्टेन बनेकी छन्।

तर विश्वका 'रोज रिभोलुसन' देखि 'अरेन्ज रिभोलुसन' सम्मको अनुभव के हो भने शुरु-शुरुका केही दिनमा आन्दोलनले दिएको शक्ति, ऊर्जा र 'म्याण्डेड' का कारणसमक्ष केही गर्ने हुटहुटी हुन्छ, तर विस्तारै त्यही पुरानो सत्ताको चंगुलले नयाँलाई घेर्दै जान्छ। कालान्तरमा नयाँ र पुरानोलाई छुट्याउनै नसकिने हुन जान्छ।

नेपालमा राणाशासन फालियो, पञ्चायती व्यवस्था मिल्काइयो, २५० वर्ष भन्दा पुरानो राजतन्त्र नै गयो तर लोकतन्त्र आउँदा पनि राज्य सत्ताको चरित्रमा खासै फरक आएन। एउटाले भन्थे- 'चाहे त्यो नेताहरूको या नेपालका सार्वजनिक पद धारण गर्नेहरूको, चालचलन हामी जनताका सेवक हौं भन्ने नभएर शासक हौं भन्ने नै छ।'

कुशासन र भ्रष्टाचार विरुद्धको आन्दोलनलाई जीवित राख्न प्रधानमन्त्री कार्कीलाई समेत नागरिक समाजले निगरानी राख्ने र जवाफदेही बनाउने कार्य निरन्तर कायम गर्नुपर्छ । यो दायित्व मुख्यतः जेनजीहरूको नै हो।

गत ३५ वर्षसम्म नेपालका ठूला पार्टीहरूका शीर्ष नेताहरूलाई उनका कार्यकर्ताहरूले नै देवत्वकरण गरेका कारण नेपालमा कुशासन र भ्रष्टाचार मौलाएको हो । सत्ताको मूल सङ्लो हुने हो भने धेरै कुरा आफैं सप्रिन्छन्। प्रधानमन्त्री कार्कीको सत्ताको आरोहण यस अघिका मन्त्रिमण्डलका अध्यक्ष खिलराज रेग्मी भन्दा यस अर्थले फरक छ कि नेपाल यो पटक नयाँ नेपालको प्रस्थानबिन्दुमा पुगेको छ।

सुशीला कार्कीको विगतको छवि अनि जेनजीको आन्दोलनमा बगेको कलिला युवाहरूको रगतको देनका कारण उनले राम्रो गर्न नसके पनि पुराना पार्टीका ठूला नेताहरूको जस्तो विगार्ने वा देशलाई नै भत्काउने काम गर्दिनन् भन्ने अपेक्षा छ।

विश्वले पनि नेपालको निगरानी गरी नै रहेको छ। उसै पनि नेपालको करीब २० प्रतिशत जनसंख्या त नेपाल बाहिर छ। मलाई एक जना विदेशीले फोन गरेर भने, "नेपालमा त फेरि जनआन्दोलन भएछ । गुड लक टू अल नेपलिज" । उसको आशय थियो, नेपालीहरू आन्दोलन गरेर नथाक्ने भए, विकास र स्थिरता कहिले आउने हो त ?

कुशासन र भ्रष्टाचार विरुद्धको आन्दोलनलाई जीवित राख्न प्रधानमन्त्री कार्कीलाई समेत नागरिक समाजले निगरानी राख्ने र जवाफदेही बनाउने कार्य निरन्तर कायम गर्नुपर्छ । यो दायित्व मुख्यतः जेनजीहरूको नै हो।

हुन पनि गत ७५ वर्षको इतिहास हेर्ने हो भने नेपाल पटक-पटक आन्दोलन गरिरहने देशमा पर्छ। २००७ सालको आन्दोलन राणाशासनका विरुद्ध थियो । २०४६ सालको आन्दोलनले एकदलीय शासन फालेर बहुदलीय प्रजातन्त्र ल्यायो भने २०६२-६३ को आन्दोलनले राजतन्त्र नै फालेर समावेशी र समानुपातिक लोकतन्त्र ल्यायो।

तर गत १८ वर्षको राजनीतिक कालखण्डलाई नियालेर हेर्ने हो भने बाहिरबाट हेर्दा बलियो तर भित्र चाहिं खोक्रोतन्त्र मौलाएको रहेछ। भन्नका लागि समावेशी र समानुपातिक भनियो तर रजगज हुनेखानेकै भयो। फरक यति कि पहिला राजाका वरिपरि घुम्नेको हालीमुहाली थियो भने लोकतन्त्रमा सीमित नेताका अघिपछि घुम्नेको।

हुन त लोकतन्त्रका सबै आधारभूत संस्था र संरचना नभएका होइनन् । शक्ति सन्तुलन र पृथकीकरणका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अनि भ्रष्टाचार निवारणका लागि अख्तियार जस्ता संस्था नभएका होइनन्, तर सबै संस्थाहरू राजनीतीकरणका सिकार भए । अदालत र अख्तियारमा समेत न्यायाधीश वा आयुक्त यो-यो पार्टीको भन्नेसम्म दिन आए ।

नाममा लोकतन्त्र तर यथार्थमा कुलीनतन्त्रको राज रह्यो भने राजनीति पैसा र पद विना चल्दैन भन्ने भाष्यले जरा जाडेका कारण राजनीति, सरकार, 'ब्युरोक्रेसी', प्रहरी, अदालत लगायत संवैधानिक संस्थाहरूमा भ्रष्टाचार संस्थागत मात्र बनेन, रातारात चिट्ठा परे जसरी धनी हुनेहरू माथि समाजले प्रश्न उठाउनुको साटो त्यही समाजले तिनलाई पुज्न थाल्यो । धेरै जेन एक्स र जेन वाईवालाहरूले पैसा, पहुँच र शक्तिलाई सफलताको मानक मानेर बसे।

२०६२-६३ को आन्दोलनमा जन्मँदै नजन्मेका वा जन्मे पनि १० वर्ष भन्दा मुनिको उमेर भएका नेपालका जेनजीहरूले जेन एक्स र जेन वाईहरूका आँखा खोलिदिए, जस्तो कि घुमीफिरी नेपालको नेतृत्व त्यही वृद्ध पुस्ताले गरिरहने हो भने बेथिति, भ्रष्टाचार र कुशासन पनि मौलाइरहने कुरा।

रातारात धनी हुनु वा शक्तिमा हुनु सफलता वा प्रतिष्ठाको कुरा हो भन्ने पुरानो मान्यतालाई विस्थापित गरेर जेनजीहरूले भ्रष्टाचार गरेर धनी बन्ने वा शक्तिमा बस्नेहरू वास्तवमा जनतालाई गरीब बनाएर, युवालाई खाडी वा अरू मुलुकतिर वैदेशिक रोजगारीमा लखेटेर र समग्रमा जनताको सेवा गरेर होइन कि जनतालाई बेवकुफ बनाएर रजाइँ गरिरहेका छन् भन्ने कुराको उजागर गरिदिए। सत्तासँग नजिक रहेर केही निजी क्षेत्रका समेत नवधनाढ्य अभिजात वर्ग बनेको यही पुस्ताले देख्यो, यद्यपि सबै निजी क्षेत्रवालालाई एउटै डालोमा हाल्नु उचित होइन।

त्यसैले जेनजी आन्दोलनको एजेण्डा भनेकै देशको राजीतिक नेतृत्वमा सुधार (सदाचार, पारदर्शिता, प्रभावकारिता, जनताको अपेक्षा अनुसारको काम अनि एउटै मान्छे वर्षौंसम्म नेतृत्व ओगटिरहने कुराको अन्त्य आदि), सुशासन कायम र भ्रष्टाचार नियन्त्रण अनि सार्वजनिक सेवालाई चुस्त र जनमुखी बनाउन समग्र राज्य संरचनाको अग्रगामी सुधार आदि हुन्, जो नेपालको सुन्दर नयाँ भविष्यको मार्गचित्र कोर्न आधार बन्नेछन्।

अहिले विभिन्न कोणबाट प्रधानमन्त्री कार्कीले के गर्नुहुने हो वा के-के गर्नुपर्छ भन्ने कुराको चर्चा भइरहेको छ । जेनजीको अन्तरिम अधिकार संरचना भन्ने दस्तावेज पनि आएको थियो । नेपालको स्थायित्व, शान्ति-सुरक्षा, सुशासन र अग्रगामी परिवर्तनका लागि निम्न कुरा गर्न अत्यावश्यक छ।

पहिलो, नागरिकलाई सुरक्षाको प्रत्याभूति दिनुपर्ने तत्कालको प्राथमिकता हो । देश आगजनी, तोडफोड, अराजकताको अवस्थामा जाँदा अहिले पनि टोल-टोल असुरक्षाको वातावरण छ। जेलबाट भागेका १० हजार जति त बाहिर नै छन् भने दशैं र तिहार जस्ता चाडपर्वमा यसै पनि चोरी र लुटपाट बढ्ने गर्छ । सुरक्षाको प्रत्याभूति गराउन नसकिए आधारभूत सामग्रीहरूको आपूर्तिमा समस्या आउने र यसले देश अभाव र अस्थिरतामै छ भन्ने सन्देश दिनेछ।

दोस्रो, कुरा जेनजीको आन्दोलनमा ५१ भन्दा बढी शहीद भएका छन् भने हजारौं घाइते बनेका छन्। क्रूरतापूर्वक बल प्रयोग गरेर दमन गर्नेहरूलाई कानूनी कारबाहीका लागि एउटा उच्चस्तरीय आयोग बनाउने अनि घाइतेको उपचारदेखि शहीदका परिवारलाई राहत दिने काम सरकारले तत्कालै गरोस्।

ठीक त्यसरी नै अर्कोतिर आन्दोलनभित्र घुसपैठ गरेर आगजनी र तोडफोड गर्नेलाई अनुसन्धान गरेर कानूनको दायरामा नल्याउने हो भने नेपालमा हिंसाको संस्कृतिले जरा जाड्ने छ, जो समाजका लागि घातक हो। उसै पनि माओवादी द्वन्द्व कालको सत्य निरुपणको काम अझै बाँकी छ।

तेस्रो, देशको अर्थतन्त्रले लय समात्न केही समय लाग्नेछ र अन्तरिम सरकार भएका कारण यो सरकारको मुख्य कार्यभार देशको आर्थिक वृद्धि उच्च बनाउने होइन जुन कुरा अब चुनावबाट आउने सरकारको मुख्य कार्यभार बन्नुपर्छ, तर सुशासन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा देश अघि बढिरहेको छ भन्ने एहसास दिन नसकिए जेनजीको नयाँ नेपालको अपेक्षामा ठेस लाग्नेछ, जसले फेरि अस्थिरता ल्याउन सक्छ।

तसर्थ भ्रष्टाचार र अकुत सम्पत्ति आर्जन गरेको छानबिन गर्न एक उच्चस्तरीय आयोग बनाउन जरूरी छ । तर यस्तो आयोग बनाउँदा आयोगमा राखिने मान्छेहरूको क्षमता, छवि र अनुभव आयोगको कार्यादेश अनुसार नभए भ्रष्टाचार अनुसन्धानको कामलाई राजनीतीकरण भएको वा प्रतिशोध लिए जस्तो देखिनेछ।

यस्तो अवस्था हुन नदिन कुनै व्यक्तिविशेषको मात्र अनुसन्धान नभएर २०४६ सालपछि उच्च ओहोदामा बसेका सबैको आम्दानी र सम्पत्तिको अनुसन्धान गर्ने र अस्वाभाविक रुपले सम्पत्ति जोडेको देखिए कारबाहीको दायरमा ल्याउने हो भने एक-दुई जना वा यो पार्टी र त्यो पार्टीलाई अनुसन्धान गरे जस्तो देखिने छैन । अर्को कुरा, संयुक्त राष्ट्रसंघले ग्वाटेमालामा भ्रष्टाचार र मानवअधिकारको हनन सम्बन्धी एउटा यस्तै आयोगको स्थापना र काम-कारबाहीमा सहयोग पुऱ्याएको थियो।

नेपालको अहिलेको राजस्वको अवस्था धेरै राम्रो नभए पनि दुईवटा कुरामा ध्यान दिन जरूरी छ। पहिलो निजी क्षेत्रलाई केही राहत दिन क्षतिपूर्ति दिएर आत्मविश्वास बढाउने।

चौथो, अहिले नेपाली समाजमा सरकार, राजनीति, निजी क्षेत्र सबैतिर विश्वासको संकट पैदा भएको छ। जेनजीलाई सरकार आफ्नो तर सारा सरकारी संयन्त्र (न्यायालय, अख्तियार, निर्वाचन आयोग लगायतका संस्था समेत) उनै पुराना पार्टीका कब्जामा छन् भन्ने छ भने संसद् भंग गरेर निर्वाचनको घोषणा गर्दा हिजोसम्म सत्तामा रहेका पुराना पार्टीहरूका नेता र कार्यकर्ता त नयाँ सरकारसँग सशंकित हुने नै भए।

एकातिर निर्वाचनलाई स्वच्छ र धाँधलीरहित बनाउने चुनौती त छँदैछ अर्कोतिर कसरी चुनावलाई पैसाको प्रभावबाट मुक्त गर्ने भन्ने छ। निर्वाचन प्रणालीमा सुधार समेत सुशासन र भ्रष्टाचार निवारणको मुख्य एजेण्डा बन्न सक्नुपर्छ । परिवर्तनलाई संस्थागत गर्ने हो भने विदेशमा बस्ने नेपालीलाई निर्वाचनमा सहभागी गराउने कुरामा विलम्ब गर्न हुँदैन।

अहिले विदेशी र स्वदेशी लगानीकर्ताहरूमा नेपालमा किन लगानी गर्ने भन्ने छ। धेरै उद्योगी र व्यापारीको सम्पत्ति जलाइएको वा लुटपाट भएको अवस्थामा लगानी बढाउने नभएर बरु नेपालबाट बाहिर पूँजी पलायन हुने अवस्था देखिन्छ।

नेपालको अहिलेको राजस्वको अवस्था धेरै राम्रो नभए पनि दुईवटा कुरामा ध्यान दिन जरूरी छ। पहिलो निजी क्षेत्रलाई केही राहत दिन क्षतिपूर्ति दिएर आत्मविश्वास बढाउने।

दोस्रो, जलाइएका वा तोडफोड गरिएका सरकारी संरचनाहरूको पुनर्निर्माण सुरु गर्ने । होइन भने ६ महिनापछि यो सरकारले के गऱ्यो त भन्ने प्रश्न उठ्ने छ। सरसर्ती हेर्दा आगजनी र तोडफोडले २०७२ सालमा आएको भूकम्प भन्दा पनि बढी क्षति पुऱ्याएको देखिन्छ। पूर्ण पुनर्निर्माणका लागि धेरै वर्ष लाग्नेछ, तर यसको सुरुवात अहिलेबाटै सुरु हुनुपर्छ ताकि नेपाल निर्माण र विकासको बाटोमा गइरहेको छ भन्ने सन्देश जाओस्।

नेपालमा धेरै परिवर्तन भए तर नेपालको निजामती सेवाको चरित्रमा खासै सेवा उन्मुखीकरण (सर्भिस ओरिएन्टेसन) को भाव आएन भन्ने छ। सुशासनको एउटा मुख्य कडी देशको प्रशासनमा सुधार पनि हो।

निजामती सेवाका आचरण, कार्यसम्पादन, जिम्मेवारीको बाँडफाँड, तालिम, प्रविधिमा स्तरोन्नति, सदाचार र कार्यसम्पादनमा आधारित सजाय र इनाम (कार्य विभाजन र बढुवा) लाई ध्यान दिएर एक्काइसौं शताब्दीको आवश्यकता अनुसारको जस्तो सार्वजनिक प्रशासन र सेवा बनाउन सके आधा जस्तो भ्रष्टाचार त यसैले रोक्ने काम गर्नेछ।

विशेषगरी सिंगापुरको जस्तो हाम्रो निजामती सेवामा समेत भ्रष्टाचारमा शून्य सहनशीलता र यससँगै कडा दण्ड र राम्रो गर्नेलाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्नु अत्यावश्यक छ।

अन्त्यमा, धेरैलाई लाग्ला नेपालमा दुई-तीन दिनमै यत्रो परिवर्तन भयो। तर इतिहास हेर्ने हो भने क्रान्ति एकै दिन आउँदैन। यो जेनजीको क्रान्ति गत ३६ वर्षदेखिको प्रजातन्त्र र लोकतन्त्रले थुपार्दै गएका थुप्रै विकृतिका कारण हो।

लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो। राजनीति, समाज र देशलाई सुधारेर हाम्रो लोकतन्त्रलाई अझै पारदर्शी, जवाफदेही र उच्च आचरणको बनाउने अर्को मौका इतिहासले दिएको छ। यसका लागि जेनजी पुस्ताले रगत बगाएको छ। यसपटक पनि हामीले सुधार गर्न चुक्यौं भने इतिहासले नेपाल र नेपालीलाई धिक्कार्नेछ।

अन्तराष्ट्रिय समाचार

# अमेरिकी नागरिकले शुरू गरेको डिस्कर्ड : जहाँबाट फैलियो जेनजी आन्दोलन

भदौ २५ गते जेनजीहरूले नयाँ सरकारका लागि कसरी अघि बढ्ने ? सेनासँग वार्ता गर्न को-को प्रतिनिधि जाने जस्ता विषयबारे युथ अगेन्स्ट करप्सन'मा छलफल गरे । यसलाई नेपालका केही मिडियाले ठूलै महत्व दिएर प्रत्यक्ष प्रसारण समेत गरेका थिए ।

खासमा जेनजी आन्दोलनको सुरुआती चरणका छलफलहरू डिस्कर्डका सर्भरहरूमै भएका थिए ।

फेसबुक, इन्स्टाग्राम, टिकटक, ह्वाट्सएप, भाइबर जस्ता सामाजिक सञ्जाल लोकप्रिय भएको नेपालमा डिस्कर्ड नवीन प्लेटफर्म हो । तर, अहिले नेपालबाट गुगल प्ले स्टोरमा सबैभन्दा बढी डाउनलोड गरिने एपमध्ये डिस्कर्ड नवौंमा उक्लिएको छ । यता गुगल ट्रेन्डमार्फत पछिल्लो एक हप्ताको वेब सर्चको ट्रेन्ड हेर्दा पनि डिस्कर्डलाई लिएर ह्वात्तै खोजी बढेको देखिन्छ। मान्छेहरूले बढीजसो जेनजी डिस्कर्ड, जेनजी डिस्कर्ड नेपाल, जेनजी डिस्कर्ड लिङ्क, हामी नेपाल जस्ता कीवर्डहरू प्रयोग गरेर डिस्कर्डको खोजी गरिरहेका छन् ।

नेपालमा यति धेरै हलचल ल्याउन भूमिका खेलेको डिस्कर्ड के हो त ? यो कसरी बनाइएको थियो ? यसमा त्यस्तो के छ ?

सन् २०१५ को कुरा हो। अमेरिकाका दुई युवा उद्यमी जेसन सिट्रन र स्ट्यानिस्लाभ भिस्नेवस्कीले एउटा प्लेटफर्म सार्वजनिक गरे-डिस्कर्ड ।

त्यतिबेला इन्टरनेटमा फेसबुक, स्काइप, ह्वाट्सएप जस्ता प्लेटफर्महरूमार्फत अनलाइनच्याट सर्भिस चलिरहेका थिए। तर अनलाइन गेम खेल्नेहरूलाई चाहिने सुविधा ती प्लेटफर्मले दिन सकिरहेका थिएनन्। गेम खेल्दा अर्को गेमरसामु आवाज ढिलो पुग्ने, कहिले आवाज नै काटिने, कहिले सेटअप गर्नै झन्झटिलो हुने जस्ता समस्याहरू ती प्लेटफर्महरूमा हुन्थे। त्यही असुविधाबाट दिक्क भएका युवाहरूलाई नयाँ विकल्प दिने उद्देश्यले जेसन र स्ट्यान (स्ट्यानिस्लाभको छोटो नाम)ले डिस्कर्ड बनाएका हुन् ।

एक त उनीहरू आफैं पनि गेम खेल्न मन पराउने मान्छे थिए । त्यही भएर गेमरहरूले खेलमा रमाउन भन्दा बढी च्याट मिलाउन र समस्या सल्टाउन समय खर्चिरहनु परेको उनीहरूलाई मज्जैले थाहा थियो । किनकि त्यस्तो हुँदा खेलको मजा नै हराउँथ्यो ।

अनि यही समस्याको समाधान गर्न उनीहरूले साधारण तर विश्वसनीय भोइस च्याट प्लेटफर्म बनाउन तिर लागे । र, केही महिनामै बनाइ छाडे । तर सुरुमा सानो समूहलाई मात्र प्रयोग गर्न दिइएको थियो । तर, प्लेटफर्मको फिचरका कारण यो एप चाँडै चर्चामा आयो ।

नाममै लुकेको संकेत

अङ्गेजी शब्द म्ष्कअयचम को अर्थ नै 'मेल नभएको आवाज' वा 'असहमति' भन्ने हुन्छ। तर जेसन र स्ट्यानले यो शब्दलाई सकारात्मक अर्थमा लिने प्रयास गरे । अनि सुरु दिनदेखि नै उनीहरूले प्रयोगकर्तालाई त्यस्तै आग्रह गरे ।

उनीहरूको भनाइमा डिस्कर्डले असहमतिका आवाजलाई मिलाएर नयाँ समुदाय बनाउने अवसर दिन्छ । र, यथार्थमा पनि डिस्कर्डले असहमति र विविधतालाई साझा च्याट प्लेटफर्ममार्फत प्रयोगकर्ताहरूलाई एकतामा बाँधिरहेको छ। जसको एक उदाहरण जेनजी आन्दोलन पनि बन्न पुग्यो ।

सुरुमा डिस्कर्ड गेमिङ समुदायमै लोकप्रिय भयो । लिग अफ लेजेन्ड, वर्ल्ड अफ वारक्राफ्ट जस्ता अनलाइन गेम खेल्नेहरूले सर्भर खोलेर (सरल भाषामा बुझ्दा ग्रुप) यसमा आफ्ना साथीहरूलाई बोलाउने गर्थे। यहीकारण चाँडै लाखौं प्रयोगकर्ताहरू डिस्कर्डमा जोडिन पुगेका थिए ।

सर्भरमा धेरै जना जोडिन मिल्ने भएकाले डिस्कर्डको दायरा केवल गेममै सीमित रहेन। विद्यार्थीहरूले पढाइको समूह बनाउन थाले । कलाकारहरूले आफ्ना काम देखाउन डिस्कर्ड प्रयोग गर्न थाले । प्रविधिक क्षेत्रका व्यक्तिले कोडिङ र नयाँ आविष्कारबारे छलफल गर्न प्रयोग गर्न थाले ।

यो एप व्यापक बनेको भने कोभिड महामारीपछि हो । किनकि त्यसबेला भौतिक रूपमा भेला हुन गाह्रो थियो । त्यही कारण अनलाइन मिटिङ, कार्यशाला र कार्यक्रमका लागि डिस्कर्ड उपर्युक्त प्लेटफर्म बन्यो ।

संस्थापकका संक्षिप्त चर्चा

१९८४ सेप्टेम्बर २१ मा अमेरिकामा जन्मिएका जेसन डिस्कर्ड बनाउनुअघि नै एप डेभलपमेन्ट क्षेत्रमा थिए । डिस्कर्डअघि उनले २००९ मा ओपनफिन्ट नामक मोबाइल गेमहरूका लागि सामाजिक सञ्जालसरह प्लेटफर्म बनाएका थिए ।

२०१२ मा ह्यामर एन्ड चिजेल नामक गेम डेभलपमेन्ट स्टुडियो खोलेका थिए । उनले हालै मात्र डिस्कर्डको सीईओ पदबाट राजीनामा दिएका छन् । तर, अझैं पनि कम्पनीसँग उनको आवद्धता भने छ ।

त्यस्तै डिस्कर्डका अर्का संस्थापक स्ट्यानिस्लाभ पनि टेक्निकल जिनियस नै हुन् । किनकि डिस्कर्डमा उनको मुख्य भूमिका नै प्राविधिक पक्षमा थियो । उनले एपको कोर इन्जिनियरिङ र डिजाइन गरेका थिए ।

छोटकारीमा उनलाई स्ट्यान भनिने गरिएको छ । उनी रुसी मूलका अमेरिकी उद्यमी हुन् । उनले पनि जेसनले झैं डिस्कर्ड बनाउनुअघि गिल्डवर्क नामक गेमिङ प्लेटफर्म स्थापना गरेका थिए। अनि जेसनको ह्यामर एन्ड चिजेल स्टुडियो बनाउन ठूलो भूमिका खेलेका थिए ।

यसरी दुवैले मिलेर भोइस, भिडियो र टेक्स्ट कम्युनिकेसन एप-डिस्कर्ड, २०१५ को मार्चमा बेटा भर्सन लञ्च गरिएको थियो । त्यसमा सफल भए पनि मे महिनामा फूल भर्सन लन्च गरिएको थियो ।

अहिलेसम्म आइपुग्दा यो एपमा विभिन्न फिचरहरू आइसकेको छ ।

एपका मुख्य फिचरहरू

सर्भर र च्यानल

एपमा इमेलमार्फत अकाउन्ट खोले पछि जोकोही प्रत्येक प्रयोगकर्ताले आफ्नै 'सर्भर' बनाउन सक्छ । त्यो सर्भरभित्र भोइस, टेक्स्ट वा भिडियो च्यानलहरू छुट्टै बनाउन सकिन्छ । त्यसले गर्दा विषयअनुसार छलफल गर्न सजिलो बनाउँछ । बिम्बात्मक उदाहरणबाट बुझ्दा, डिस्कर्ड ठूलो घर हो भने त्यहाँ विभिन्न च्यानलहरू कोठाहरू हुन्।

गुणस्तरीय भोइस च्याट

डिस्कर्डको खास टेक्नोलोजी भनेको ल्याग (ढिलो प्रतिक्रिया) नहुनु हो । कम भए पनि अत्यन्तै कम हुनु हो । योस फिचर गेमिङ वा मिटिङका लागि अति नै महत्त्वपूर्ण हुन्छ । मिलिसेकेन्डमा मात्र ल्याग भयो भने पनि गेममा धेरै फरक पर्छ ।

भिडियो र स्क्रीन शेयर

ल्याग नहुने भएकाले डिस्कर्डमा कुराकानी गर्ने मात्र नभई अन्य काम गर्न पनि निकै सजिलो हुन्छ। यसमा बाट स्क्रीन देखाउन, प्रोजेक्ट प्रेजेन्ट गर्न वा फिल्म हेरेर रमाइलो गर्न पनि मिल्छ ।

फ्रि र प्रिमियम विकल्प

फ्रि र प्रिमियम गरी डिस्कर्डमा दुई वटा अकाउन्ट अप्सन छ । सामान्य प्रयोगका लागि फ्रि अकाउन्ट पर्याप्त हुन्छ। तर प्रिमियम, जसलाई एपमा 'डिस्कर्ड निट्रो' पनि भनिन्छ, मार्फत विभिन्न प्रकारका इमोजी, ठूलो फाइल पठाउने क्षमता, हाई रिजोलुसनको भिडियो पठाउने/पाउने सुविधा पाइन्छ ।

समग्रमा डिस्कर्डको मुख्य विशेषता प्रयोगकर्तालाई 'कम्युनिटी' अर्थात् समुदायको अनुभूति दिनु हो । यहाँ प्रयोगकर्ताहरू केवल कुरा गर्न आउँदैनन्, बरु आफ्नै संसार बनाउन आउँछन् । जसले उनीहरूलाई एउटा ठूलो घरमा बसे जस्तो बोध गराउँछ । अनलाइनखबर साभार गरिएको हो ।

## प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउने काममा सघाउन राष्ट्रपतिको अपिल



**काठमाडौं, २८ भाद्र**

राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउने काममा सहयोग गर्न सबै पक्षलाई अपिल गरेका छन् ।

राष्ट्रपति पौडेलले शनिबार वक्तव्य जारी गरी बडो जुक्तीले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी फागुनका लागि तोकिएको चुनाव सम्पन्न गराउन सबै पक्षलाई अपिल गरेका हुन् ।

राष्ट्रपति पौडेलले वक्तव्यमा भनेका छन्, 'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्न पश्चात एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् ।'

## रवि लामिछाने फेरि कारागार फर्किए, 'बदनाम गर्न खोजिएको' आरोप



**काठमाडौं, २८ भाद्र**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने फेरि जेल फर्किएका छन् ।

केही दिनअघि 'जेनजी आन्दोलन'का क्रममा रिहा भएका लामिछानेले आज स्वेच्छिक रूपमा आत्मसमर्पण गरेका हुन् । उनलाई रास्वपाका कार्यवाहक सभापति डीपी अर्यालले जेलसम्म साथ दिए । आत्मसमर्पण गर्नुअघि लामिछानेले आफ्नो जन्मदिनकै दिन जेल जान लागेको भन्दै फेसबुक लाइभ गरेका थिए । उनले आफ्नो कारणले देशभरका कैदीहरू जेलबाट भागेको भनेर आफूलाई बदनाम गर्न खोजिएको आरोप लगाएका छन् ।

जनहितमा जारी जरुरी सूचना
सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,
-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
पूर्वाधार विकास कार्यालय, बारा

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ

सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# जितिया पर्वको नहायखायमा नुहाउन गएकी बालिका मृत फेला

***शु. आ. सम्बाददाता***
***रौतहट, २८ भाद्र***

सदरमुकाम गौरमा जितिया पर्वको नहायखायको दिन रौतहटमा एउटा हृदयविदारक घटना भएको छ । जिल्लाको सदरमुकाम गौरस्थित लाल बकैया नदीमा नुहाउन गएकी एक १० वर्षीया बालिकाको डुबेर मृत्यु भएको छ । नेपाली सेना र स्थानीयको सहयोगमा घण्टौंको खोजीपछि बालिकाको शव फेला परेको हो ।



शनिबार बिहान करिब १० बजेको गौर नगरपालिका-६ का बैजु साहकी १० वर्षीया छोरी अमृता साह, जितिया पर्वको नहायखायको लागि आफ्नी आमासँगै नदीमा नुहाउन गएकी थिइन् । नुहाउने क्रममा अचानक उनी गहिरो पानीमा पुगेर डुबेकी थिइन् ।

आमाले हारगुहार गरेपछि तत्काल स्थानीयहरूले उद्धारको प्रयास गरे । तर, नदीको बहाव तीव्र भएको र पानी गहिरो भएकाले खोजीमा कठिनाइ भएको थियो ।

त्यसपछि नेपाली सेनालाई खबर गरियो र सेनाको गोताखोर टोलीले घटनास्थलमा पुगेर खोजी कार्य सुरु गर्‍यो । घण्टौंको निरन्तर खोजीपछि बल्ल बालिकाको शव फेला पारेको थियो ।

घटनापछि गौर र आसपासका क्षेत्रमा शोकको माहोल छाएको छ । जितिया पर्वको खुसीको दिनमा यस्तो दुःखद घटना हुँदा स्थानीयवासी स्तब्ध भएका छन् । अमृता साहको परिवारमा गहिरो शोक परेको छ ।

स्थानीय प्रशासनले यस घटनाप्रति दुःख व्यक्त गर्दै नदी र खोलामा नुहाउँदा सावधानी अपनाउन सबैलाई आग्रह गरेको छ । विशेषगरी पर्वहरूमा धेरै मानिसहरू नदीमा नुहाउन जाने भएकाले यस्ता घटनाहरूबाट जोगिनका लागि सचेतना अपनाउनुपर्नेमा जोड दिइएको छ ।

मृतक बालिकाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको छ र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाए ।

# नेताहरु नसुध्रे योभन्दा ठूलो जनविद्रोह हुने चेतावनी

***रौतहट, २८ भाद्र***

रौतहट क्षेत्र नं. ३ मा नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूले संयुक्त क्षेत्रीय समीक्षा बैठक गरी हालैको जेनजी आन्दोलन र त्यसले उत्पन्न गरेको राजनीतिक संकटबारे गम्भीर छलफल गरेका छन् ।



कटहरिया बजारमा सम्पन्न बैठकमा दुवै दलका नेताहरूले आन्दोलनका शहीदप्रति श्रद्धाञ्जलि अर्पण गर्दै भ्रष्टाचार, परिवारवाद र भागबण्डाको राजनीति नै देशको वर्तमान दुर्दशाको मुख्य कारण रहेको निष्कर्ष निकालेका हुन् ।

बैठकमा सहभागी वक्ताहरूले आन्दोलनका क्रममा भएको तोडफोड, आगजनी, नगरपालिकामा तोडफोड, कैदी भाग्ने घटना र सुरक्षाकर्मीको बर्बरता जस्ता आपराधिक गतिविधिहरूको उच्चस्तरीय छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे । उनीहरूले देशका ठूला राजनीतिक दलका नेताहरूले आफ्ना गल्तीहरूबाट पाठ नसिके जेनजी आन्दोलनभन्दा ठूलो जनविद्रोह हुने चेतावनी दिए ।

प्रधानमन्त्री सुशीला कार्कीलाई जेनजी पुस्ताको चाहनाअनुसार बनेको सरकारको प्रमुख प्रतिनिधि भन्दै सबै दलले उनको नेतृत्वलाई समर्थन गर्नुपर्ने धारणा पनि बैठकमा राखिएको थियो । सहभागीहरूले युवाहरूले उठाएका जायज मागहरूप्रति सबै दलले ऐक्यबद्धता देखाउनुपर्नेमा जोड दिए ।

यस संयुक्त बैठकलाई परम्परागत रूपमा एक-अर्काका प्रतिस्पर्धी रहेका कांग्रेस र एमालेबीचको असामान्य सहकार्यका रूपमा हेरिएको छ । बैठकले जेनजी आन्दोलनलाई केवल असन्तुष्ट युवाहरूको विद्रोह मात्र नभई नेपाली राजनीतिमा सुधारका लागि 'चेतावनी' को रूपमा लिएको स्पष्ट सन्देश दिएको छ । सँम्भारः रातोपाटी

# काँग्रेसको पार्टी कार्यालय पुनर्निर्माण गर्न महागढीमाईका मेयरले आर्थिक सहयोग गर्ने

***बारा, २८ भाद्र***

जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीमा परेर ध्वस्त भएको काठमाडौँको सानेपास्थित नेपाली काँग्रेसको केन्द्रीय कार्यालयको पुनर्निर्माणका लागि बाराको महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले आर्थिक सहयोग गर्ने घोषणा गरेका छन् ।





शनिवार सामाजिक सञ्जाल फेसबुकमा एउटा पोस्ट लेख्दै मेयर यादवले पार्टी कार्यालय पुनर्निर्माण र पुनर्स्थापनाका लागि ५१ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने घोषणा गरेका हुन् । "नेपाली काँग्रेसको केन्द्रीय कार्यालयमा हालै जेन-जीद्वारा रिस-आवेगमा गरिएको तोडफोडका कारण क्षति पुगेको छ । उक्त क्षतिको तत्काल मर्मतका लागि म नगरप्रमुख उपेन्द्र प्रसाद यादव ५१ हजार रुपैयाँ चन्दा स्वरूप उपलब्ध गराउने घोषणा गर्दै छु," उनले लेखेका छन् । यादवले सोही पोस्ट मार्फत नेपाली काँग्रेसका नेता तथा कार्यकर्ताहरूलाई कार्यालय मर्मत र क्षतिपूर्तिका लागि आफ्नो क्षमता अनुसार चन्दा प्रदान गर्न अनुरोध पनि गरेका छन् । सहयोग गर्न इच्छुक व्यक्तिहरूलाई नजिकको नेपाली काँग्रेसको पार्टी कार्यालयमा सम्पर्क गर्न उनको अनुरोध छ ।आन्दोलनका क्रममा जेन-जी पुस्ताका युवाहरूले पार्टीको केन्द्रीय कार्यालयमा पुगेर तोडफोड गर्नुका साथै आगजनी पनि गरेका थिए । आगजनीमा परेर पार्टी कार्यालय पूर्ण रूपले नष्ट भएको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

# निवर्तमान प्रधानमन्त्री केपी ओली विरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी

***काठमाडौं, २८ भाद्र***

जेन-जी पुस्ताका युवाहरूको शान्तिपूर्ण आन्दोलनमा गोली चलाउने आदेश दिएको आरोपमा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी दर्ता गरिएको छ ।



पूर्वप्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका सांसद अभिषेक प्रताप शाहले कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङमार्फत काठमाडौंको महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरमा ओलीविरुद्ध मुद्दा दर्ता गराएका हुन् ।

जाहेरीमा भनिएको छ कि ओलीको आदेशमा भएको बल प्रयोगका कारण १७ देखि ४५ वर्ष उमेर समूहका एक दर्जनभन्दा बढी युवाहरूको ज्यान गएको र धेरैजना घाइते भएको उल्लेख गरिएको छ ।

मृतकहरूमध्ये सुलभ राज श्रेष्ठ, यम चौलागाईं, बुद्धि तामाङ, मिसल सारु मगर, पारुहाङ उतमल राई, योगेन्द्र न्यौपाने, विनोद महर्जन, दिल नारायण तामाङ, प्रविन कुलुङ, उमेश महत, निता गौतम, शौरभ किशोर श्रेष्ठ, सुवास बोहोरा र निरज पन्तलगायतको नाम जाहेरीमा समावेश गरिएको छ ।


शाहद्वारा दायर गरिएको जाहेरीमा ओलीमाथि "जघन्य अपराध" को अभियोग लगाउँदै घटनाको गम्भीर र निष्पक्ष छानबिन गरी प्रमाणसहित कानुनी कारबाहीको माग गरिएको छ । साथै, घटनास्थलका मुचुल्का, शव परीक्षण रिपोर्ट, प्रत्यक्षदर्शीका बयान लगायत प्रमाणहरू संकलन गरी अनुसन्धान अघि बढाउन पनि आग्रह गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी तामाङले मुद्दा दर्ता सम्बन्धी कागजात सम्बन्धित निकायमा पठाउने प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन् ।

# सरकार परिवर्तन भइसके पनि आधा दर्जन मन्त्रालयको वेवसाइटमा अझै पुरानै मन्त्री

***काठमाडौं, २८ भाद्र***

प्रधानमन्त्रीले राजीनामा दिएर नयाँ प्रधानमन्त्रीसम्म चुनिएका परिस्थितिमा समेत आधा दर्जन बढी मन्त्रालयले आफ्ना वेवसाइटहरूमा अझै पुरानै मन्त्रीहरूको नाम र फोटो राखिरहेका छन् । करिब दुई दर्जन मन्त्रालयमध्ये सात वटा मन्त्रालयले समयमै अद्यावधिक नगरेको पाइएको हो ।




शनिबार बिहानसम्म अर्थ मन्त्रालयको वेवसाइटमा अझै पनि "माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री" भन्दै विष्णुप्रसाद पौडेलकै फोटो राखिएको छ । यस्तै, सरकारका प्रवक्ता तथा सञ्चार मन्त्रीमा पृथ्वी सुब्बा गुरुङकै नाम कायम छ भने शहरी विकास मन्त्रालयको वेवसाइटमा पनि "माननीय उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री" भनेर प्रकाशमान सिंहकै नाम उल्लेख छ ।

त्यसैगरी, सिंचाई मन्त्रालयले अझै "माननीय मन्त्री" भन्दै दीपक खड्काको नाम राखेको छ भने खानेपानी मन्त्रालयले पनि मन्त्रीमा प्रदीप यादवकै फोटो राखिरहेको छ । महिला मन्त्रालयको वेवसाइटमा नवल किशोर साह सुडीकै फोटो कायम छ ।

प्रविधि र सूचना-प्रविधिलाई निकै जोड दिएको र करोडौं खर्च गरिसकेको भएपनि सामान्य मन्त्रालयका वेवसाईटसमेत अपडेट नहुनुलाई के भन्ने ? यति ठूलो आन्दोलन र बलिदानीबाट देशको सर्वोच्च कार्यकारी नेतृत्व परिवर्तन भइसकेपछि समेत मन्त्रालयहरूले समयमै आफ्नो सूचना प्रणाली अद्यावधिक नगर्नु विडम्बना भएको कर्मचारीहरू बताउँछन् ।

यद्यपि, अधिकाँस मन्त्रालयहरूले भने नयाँ प्रधानमन्त्री सुशिला कार्की नियुक्त भएसँगै आफ्नो वेवसाइटमा कार्कीको फोटो राखिसकेका छन् ।

# मधेसमा जनमतले आफ्नै सरकार ढाल्यो, मुख्यमन्त्रीलाई बोलायो फिर्ता

***बारा, २८ भाद्र***

जनमत पार्टीले मधेस प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै मुख्यमन्त्री र मन्त्रीहरूलाई फिर्ता बोलाएको छ । शनिबार जनमत पार्टी संसदीय दलले सरकारलाई दिएको समर्थन फिर्ता तथा मुख्यमन्त्री र मन्त्रीलाई फिर्ता बोलाउने भन्दै प्रदेश प्रमुखलाई पत्र लेखेको हो ।



जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले प्रदेश प्रमुखको कार्यालयलाई मुख्यमन्त्री र मन्त्री फिर्ता बोलाउने र सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी सहितको निवेदन पठाएको हो ।

मधेस प्रदेशमा हालः जनमतबाट मुख्यमन्त्री र ३ दुई जना मन्त्री सरकारमा थिए । मंगलबार जेनजीको आन्दोलन भइरहेको समय फेसबुकमा राजीनामा दिएको भनेपनि अहिले आएर नदिने भनेका थिए ।

तर, जनमतको संसदीय दलले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै मुख्यमन्त्री र मन्त्रीहरू फिर्ता बोलाउन पत्र लेखेको हो ।

जनमतबाट मुख्यमन्त्रीम सतिषकुमार सिंह, वन तथा वातावरण मन्त्री संजय यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री बसन्त कुशवाहा मन्त्री छन् ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा